बैठक संख्याः
मितिः २०७८/०१/०५
समयः बिहान ९ बजे
स्थानः गाउँ कार्यपालिकाको बैठक कक्ष

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका संयोजक तथा भूमे गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा श्रोत अनुमान तथा सीमा निर्धारण समितिको बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रामसुर बुढा मगर | संयोजक | |
| २ | श्री मनकुमारी बुढा विष्ट | सदस्य | |
| ३ | श्री भिम बहादुर नेपाली | सदस्य | |
| ४ | श्री हिरा कुमारी श्रेष्ठ (राना) | सदस्य | |
| ५ | श्री चन्द्रसिंह श्रेष्ठ | सदस्य सचिव | |

**अन्य उपस्थितिः**

श्री गणेश वली, लेखा अधिकृत – भूमे गाउँपालिका

श्री विजय बाँठा, सहायक पाँचौं भूमे गाउँपालिका

**प्रस्तावहरुः**

१) आ.व. २०७८/०७९ को स्रोत अनुमान सम्बन्धमा
२) आ.व. २०७८/०७९ को आय व्यय सम्बन्धमा
३) क्षेत्रगत बजेट सीमा तथा प्राथमिकता निर्धारण सम्बन्धमा
४) वडागत बजेट सीमा निर्धारण सम्बन्धमा
५) आगामी आव २०७८।०७९ को बजेट तर्जुमा मार्गदर्शन सम्बन्धमा

**निर्णयहरुः**

निर्णय नं. १: भूमे गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि आवश्यक पर्ने व्ययको प्रक्षेपण सम्बन्धमा छलफल गर्दा राजस्व परामर्श समितिको प्रतिवेदन बमोजिम गाउँपालिकाको आन्तरिक आय, नेपाल सरकार र प्रदेश सरकारबाट आगामी आ.व.का लागि प्राप्त हुने अनुमानित अनुदान सहित तपसिल बमोजिम आम्दानी हुने प्रक्षेपण गरियो।

| सि.नं. | आम्दानीका क्षेत्रहरु | गत आ.व.२०७६।०७७ को यथार्थ रकम | चालु आ.व. २०७७।७८ को संशोधित अनुमान | आगामी आ.व. २०७८।७९ को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| क | आन्तरिक राजश्व | | | | |
| 1 | एकीकृत सम्पति कर | 0 | 0 | 0 | |
| 2 | भूमिकर/मालपोत | 829063 | 750000 | 787500 | |
| 3 | घर बहाल कर | 47280 | 55000 | 57750 | |
| 4 | बहाल विटौरी कर | 1200 | 0 | 0 | |
| 5 | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | 0 | 0 | 50000 | |
| 6 | अन्य मनोरञ्जन कर | 0 | 5000 | 10000 | |
| 7 | कृषि तथा पशुजन्य व्यवसायको कारोवारमा लाग्ने कर | 96726 | 60000 | 63000 | |
| 8 | अखेटोपहारमा लाग्ने कर | 0 | 0 | 0 | |
| 9 | अन्य कर | 394769 | 30000 | 31500 | |
| 10 | औद्योगिक निकायबाट प्राप्त लाभांश | 0 | 0 | 0 | |
| 11 | सरकारी सम्पतिको बहालबाट प्राप्त आय | 0 | 250000 | 262500 | |
| 12 | पर्यटक शुल्क | 0 | 0 | 0 | |
| 13 | पदयात्रा शुल्क | 0 | 0 | 0 | |
| 14 | कृषि उत्पादनको बिक्रीबाट प्राप्त आय | 0 | 100000 | 105000 | |
| 15 | सरकारीसम्पत्तिको बिक्रीबाट प्राप्त रकम | 0 | 0 | 0 | |
| 16 | अन्य बिक्रीबाट प्राप्त रकम | 0 | 0 | 0 | |
| 17 | अन्य सेवा शुल्क तथा बिक्री | 547300 | 20000 | 21000 | |
| 18 | न्यायिक दस्तुर | 0 | 3000 | 3150 | |
| 19 | शिक्षा क्षेत्रको आम्दानी | 0 | 0 | 0 | |

| | | | | | |
|---|---|---|---|---|---|
| 20 | परीक्षा शुल्क | 8050 | 200000 | 210000 | |
| 21 | यातायात क्षेत्रको आम्दानी | 0 | 0 | 0 | |
| 22 | अन्य प्रशासनिक सेवा शुल्क | 452929 | 375000 | 393750 | |
| 23 | पार्किङ शुल्क | 0 | 0 | 0 | |
| 24 | नक्सापास दस्तुर | 0 | 0 | 0 | |
| 25 | सिफारिस दस्तुर | 830945 | 750000 | 787500 | |
| 26 | व्यक्तिगत घटना दस्तुर | 20750 | 40000 | 42000 | |
| 27 | नाता प्रमाणित दस्तुर | 6400 | 35000 | 36750 | |
| 28 | अन्य दस्तुर | 19235 | 225000 | 236250 | |
| 29 | व्यवसायिक रजिष्टेशन दस्तुर | 55400 | 400000 | 420000 | |
| 30 | विधुत सम्बन्धि दस्तुर | 0 | 0 | 0 | |
| 31 | जलस्रोत सम्बन्धि अन्य दस्तुर | 0 | 45000 | 47250 | |
| 32 | अन्य क्षेत्रको आय | 2150 | 5000 | 5250 | |
| 33 | न्याय दण्ड जरिवाना र जफत | 0 | 0 | 0 | |
| 34 | प्रशासनिक दण्ड जरिवाना र जफत | 0 | 50000 | 52500 | |
| 35 | धरौटी सदर स्याहा | 0 | 100000 | 105000 | |
| 36 | चालु हस्तान्तरण | 0 | 0 | 0 | |
| 37 | पुजीगत हस्तान्तरण | 0 | 0 | 0 | |
| 38 | विमा दावि प्रासि | 0 | 0 | 0 | |
| 39 | प्रदुषण नियन्त्रण शुल्क | 0 | 0 | 0 | |
| 40 | अन्य राजस्व | 114635 | 30000 | 31500 | |
| 41 | सरकारी घर जग्गा गुडविल बिक्रीबाट प्राप्त रकम | 0 | 0 | 0 | |
| 42 | व्यवसाय कर | 239600 | 200000 | 210000 | |
| 43 | बेरुजु | 576000 | 700000 | 1400000 | |
| 44 | निकासा फिर्ता | 0 | 0 | 0 | |
| 45 | अनुदान फिर्ता | 0 | 0 | 0 | |
| | बैंक मौज्दात | 37883716 | ३७३४४५६५ | 12300000 | |
| | **कूल आन्तरिक राजस्व** | **42126148** | **41772565** | **17669150** | |
| | | | | | |
| २ | राजस्व बाँडफाँडः | | | | |
| १ | राजस्व बाँडफाँड संघ | ५०६८२९३१.१६ | ७६४२३००० | 76961000 | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१ | मूल्य अभिवृद्दि कर तथा अन्तः शुल्क | | | | |
| १.२ | प्राकृतिक स्रोतको रोयल्टी | | | | |
| २ | राजस्व बाँडफाँड प्रदेश | | | | |
| २.१ | सवारी साधन कर | ३५८५७६२.११ | ३९८४००० | 5000000 | अनुमान |
| २.२ | अन्य | | | | |
| | **कूल राजस्व बाँडफाँड** | **54268693.27** | **80407000** | **81961000** | |
| ३ | वित्तीय हस्तान्तरण | | | | |
| ३.१ | नेपाल सरकारबाट प्राप्त हुने अनुदानः | | | | |
| ३.१.१ | वित्तीय समानीकरण अनुदान | 108,000,000 | 110,500,000 | 114,200,000 | |
| ३.१.२ | सशर्त अनुदान | 176,925,000 | 180,905,350 | 200,000,000 | अनुमान |
| ३.१.३ | समपूरक अनुदान | | 16,000,000 | 16,000,000 | अनुमान |
| ३.१.४ | विशेष अनुदान | | 13,000,000 | 13,000,000 | अनुमान |
| | **नेपाल सरकारतर्फ कूल** | **284,925,000** | **320,405,350** | **343,200,000** | |
| ३.२ | प्रदेश सरकारबाट प्राप्त हुने अनुदानः | | | | |
| ३.२.१ | वित्तीय समानीकरण अनुदान | ४१४३००० | ५१०१००० | ५३७०००० | |
| ३.२.२ | सशर्त अनुदान | ९०००००० | १४८५०००० | १८८४५००० | अनुमान |
| ३.२.३ | समपूरक अनुदान | २२४२८००० | १५०००००० | १८०००००० | अनुमान |
| ३.२.४ | विशेष अनुदान | ८२००००० | ६०००००० | ८२००००० | अनुमान |
| | **प्रदेश सरकारतर्फ कूल** | **43,771,000** | **40,951,000** | **50,415,000** | |
| ४ | वित्तीय व्यवस्था (प्राप्ति) | | ५०००००० | ५०००००० | |
| ५ | अन्तर स्थानीय तह साझेदारी | | | | |
| ६ | अन्य | | | | |
| | **कूल जम्मा** | 425,090,841.27 | 488,535,915.00 | 498,245,150.00 | |

<u>निर्णय नं. २:</u> भूमे गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि शीर्षकगत रुपमा तपसिल बमोजिम सीमा निर्धारण गर्ने निर्णय गरियो ।

| शीर्षक | | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को अनुमान | आ.व. २०७८/७९ को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| चालु खर्च | | | | | |
| २१११११ | पारिश्रमिक कर्मचारी | २२,९९१.२९ | ३३,००० | ३७,००० | |
| २११११२ | पारिश्रमिक पदाधिकारी | १,५६०.०० | ० | ० | |
| २११२१ | पोशाक | ६१० | ४३० | ४३० | |
| २११२३ | औषधी उपचार खर्च | १५ | १०० | १०० | |
| २११३१ | स्थानीय भत्ता | ४८१५.३६२ | ४,१६७ | ४,८१५ | |
| २११३२ | महंगी भत्ता | ११०४.८६६ | ८६४ | १,००० | |
| २११३४ | फिल्ड भत्ता | १८९ | | ८०० | |
| २११३४ | कर्मचारीको बैठक भत्ता | २४८ | २४० | ३०० | |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | १०० | २०० | |
| २११३९ | अन्य भत्ता | ७८६.१ | ३७० | ४०० | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ६०० | ७००.०० | ७०० | |
| २११४२ | पदाधिकारी अन्य सुविधा | ७३८५.५ | ९,४३६.०० | ९,९८० | |
| २११४९ | पदाधिकारी अन्य भत्ता | - | ५६४ | ६०० | |
| २२१११ | पानी तथा बिजुली | ११८.७४७ | ४०५ | ४५० | |
| २२११२ | संचार महसुल | २८५.८०२ | ६४० | ८०० | |
| २२२११ | इन्धन (पदाधिकारी) | | - | | |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ४१९.६१६ | ६०० | ८०० | |
| २२२१३ | सवारी साधन मर्मत | ७७२.७४ | १००० | १,००० | |
| २२२१४ | बिमा तथा नवीकरण | १०२.७२२ | ६७५ | ७२५ | |
| २२२२१ | मेशिनरी तथा औजार सञ्चालन तथा मर्मत खर्च | १५२.९७ | ५७२ | ६०० | |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको सम्भार खर्च | ४७५.९५ | २४१३ | ३,००० | |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ५,९२३.४५ | ७,५१९ | ७,५१९ | |
| २२३१३ | पुस्तक तथा सामाग्री खर्च | - | २७ | २०० | |
| २२३१४ | इन्धन-अन्य प्रयोजन | ८३.४ | १२० | २०० | |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ७८९.६ | ११०७ | १,२८० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च | ११० | ५०० | ८०० | |
| २२४११ | सेवा र परामर्श | ९७.५ | १७५० | २,५०० | |
| २२४१२ | सूचना प्राणाली तथा सफ्टवेयर संचालन | २०.९ | ८२ | २०० | |
| २२४१३ | करार सेवा शुल्क | २७६५.४५ | ९,०००.०० | ९,००० | |
| २२४१४ | सरसफाई शुल्क | - | - | २०० | |
| २२४१९ | अन्य सेवा शुल्क | १६,७३०.१६ | १७,०९८ | १८,०८० | |
| २२५११ | कर्मचारी तालिम खर्च | ६० | ४०० | ४०० | |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १८६९ | ४,५००.०० | ४,६१५ | |
| २२५२२ | कार्यक्रम खर्च | ४५,२३२.८२ | ५६,३४२.५७ | ६६,३४२.५७ | |
| २२५२९ | विविध कार्यक्रम खर्च | - | २०० | २०० | |
| २२६११ | अनुगमन, मूल्याङ्कन खर्च | ९६५.२४ | १,४००.०० | १,५६० | |
| २२६१२ | भ्रमण खर्च | १,००९.७३ | ९१६ | १,११० | |
| २२६१९ | अन्य भ्रमण खर्च | ९.४५ | १८० | १८० | |
| २२७११ | विविध खर्च | १,७९७.४६ | २,५०९.०० | ३,२८० | |
| २२७२१ | सभा सञ्चालन खर्च | ३८.५६ | ६० | ६५ | |
| २५३१५ | अन्य सहायता | ५ | १६० | ३५६ | |
| २६४११ | निशर्त चालु अनुदान | | ८०००० | ८,००० | |
| २६४१२ | सशर्त चालु अनुदान | ७१८२८.८ | २६३५८ | ३०,७४६ | |
| २६४१३ | अन्य संस्थालाइ सशर्त चालु अनुदान | १२०२४.५ | ६४४ | ३७००० | |
| २७२११ | छात्रवृत्ति | | - | २००० | |
| २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १००.१ | ३०० | ५०० | |
| २७२१३ | औषधी खरिद खर्च | ३२४.४१५ | २५०० | १,५०० | |
| २८४११ | जग्गाको भाडा | | २० | २२ | |
| २८४१२ | घर भाडा | २२३.३६ | ३१० | ३१५ | |
| २८१४३ | सवारी साधन तथा मेशिनरी औजार भाडा | २१ | | ४०० | |
| २८१४९ | अन्य भाडा | १६९.८ | २६० | ३८० | |
| २८९११ | भैपरी आउने चालु खर्च | ५.८७ | ५० | ५०० | |
| | चालु जम्मा | 204,839.22 | 270,588.57 | 263,150.57 | |
| | | | - | | |
| **पूँजिगत खर्च** | | | | | |
| 31111 | आवासीय भवन निर्माण | ३९०६ | ६,२७६ | १२,५०० | |
| ३१११२ | गैरआवासीय भवन निर्माण | २८४७४ | १५,३४३ | १९,५८० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १५०० | ३५९ | ४५० | |
| ३१११५ | फर्निचर तथा फिक्चर्स | २७४२ | २,६६४ | ३,२५० | |
| ३११३१ | पशुधन तथा बागवानी विकास खर्च | ९२३ | ९४५ | १,००० | |
| ३११३२ | अनुसन्धान तथा विकास सम्बधी खर्च | ६९७ | ३,२८० | ४,०८० | |
| ३११२१ | सवारी साधन | 0 | ६,००० | ६,००० | |
| ३११२२ | मेशिनरी तथा औजार | ६०१९.८१ | ७,५०८ | ८,२०० | |
| ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ति खर्च | 0 | १८० | ५६० | |
| ३११५१ | सडक तथा पुल | 45300.68 | ७९,५८२ | ८०,००० | |
| ३११५३ | विद्युत संरचना निर्माण | 2830 | १२,७५० | १९,००० | |
| ३११५४ | तटबन्ध तथा बाँध निर्माण | 0 | २,९९० | २,८९५ | |
| ३११५५ | सिंचाई संरचना निर्माण | ५०० | ६०० | ८९० | |
| ३११५६ | खानेपानी संरचना निर्माण | 12854.79 | ८,९२६ | ८,८४५ | |
| ३११५७ | वन तथा वातावरण संरक्षण | 1075.75 | ३,१९४ | ३,५९५ | |
| ३११५८ | सरसफाई संचना निर्माण | 4146 | ५,८५५ | ६,००० | |
| ३११५९ | सार्वजनिक निर्माण | 31925.99 | ४३,६३८ | ४३,८१० | |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | 1485 | ८५२ | १,००० | |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | 1948.86 | २,५४५ | ३,२४० | |
| ३११७२ | पूँजीगत अनुसन्धान तथा परामर्श | 210.97 | ६,००० | ८,००० | |
| ३१५११ | भैपरी आउने पूँजीगत | | १,८०० | २,२०० | |
| | पूँजीगत जम्मा | 146,540.00 | 211,287.00 | 235,095.00 | |
| | कूल जम्मा | ३५१३७९.२२ | ४८१८७५.५७ | ४९८२४५.५७ | |

<u>निर्णय नं. ३:</u> भूमे गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि क्षेत्रगत रुपमा तपसिल बमोजिम सीमा तथा प्राथमिकता निर्धारण गर्ने निर्णय गरियो ।

| **क्षेत्र** | **प्राथमिकता** | **बजेट सिलिङ** | **प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | 3 | १०८००० | २२ |
| सामाजिक विकास | 1 | १७३००० | ३५ |
| पूर्वाधार विकास | 2 | १६२००० | ३३ |
| वातावरण तथा विपद् व्यवस्थापन | 4 | ३२२२५ | ६ |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 5 | २३०२० | ५ |
| जम्मा | | ४९८२४५ | १०० |

<u>निर्णय नं. ४:</u> भूमे गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि वडागत सीमा निर्धारणका लागि तपसिल बमोजिमको मापदण्ड निर्धारण गर्ने निर्णय गरियो ।

| वडा | जनसंख्या | भूगोल | वस्ती | राजस्व संकलन | मानव विकास स्तर | पूर्वाधारको अवस्था | **जनसंख्या (२०) per head 154** | **भूगोल (20)** | **वस्ती (10) 0.9 per vill** | **राजस्व संकलन (20)** | **मानव (15) 43.4 per HD** | **पूर्वाधार (15)** | **कूल प्राप्ताङ्क** | **न्यूनतम बजेट** | **शूत्रमा आधारित बजेट** | **कूल जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २८९९ | ८० | ६ | २५८ | ०.४१ | २.३० | 19 | 10 | ६ | 14 | 12 | 9 | 70 | २००० | 5289 | ७२८९ |
| २ | २९०८ | ३० | ५ | ५७२ | ०.४१ | २.३० | 19 | 6 | ५ | 20 | 12 | 9 | 71 | २००० | 5375 | ७३७५ |
| ३ | ३११३ | २१ | ४ | २४९ | ०.४२ | २.९० | 20 | 6 | ४ | 14 | 12 | 12 | 67 | २००० | 5133 | ७१३३ |
| ४ | १९५९ | १७ | २ | १४६ | ०.४२ | १.५० | 13 | 4 | २ | 12 | 12 | 6 | 49 | २००० | 3693 | ५६९३ |
| ५ | १७०३ | १९ | २ | १२६ | ०.४६ | १.९० | 11 | 4 | २ | 12 | 12 | 8 | 48 | २००० | 3688 | ५६८८ |
| ६ | २२०९ | २० | ३ | २४८ | ०.४७ | २.१० | 14 | 6 | ३ | 14 | 12 | 8 | 58 | २००० | 4373 | ६३७३ |
| ७ | १८४६ | २६ | ४ | २२७ | ०.४२ | २.४० | 12 | 6 | ४ | 14 | 12 | 10 | 57 | २००० | 4355 | ६३५५ |
| ८ | ३०८८ | २१ | ६ | १६९ | ०.४० | २.११ | 20 | 6 | ६ | 12 | 14 | 8 | 66 | २००० | 5020 | ७०२० |
| ९ | ४०३१ | ३९ | ११ | ३५० | ०.५२ | २.१० | 26 | 8 | १० | 16 | 10 | 8 | 79 | २००० | 5984 | ७९८४ |
| जम्मा | २३७५६ | २७३ | ११ | २३४५ | ०.४३७ | १९.६१ | 154 | ५६ | ४० | १२८ | १०८ | 78 | 564 | १८००० | 42909 | ६०९०९ |

राजस्वः IF(E3>=500,20,IF(E3>=400,18,IF(E3>=300,16,IF(E3>=200,14,IF(E3>=100,12,

भूगोलः 50+=20, 31-50=18, 20-30=16,<20=14

<u>निर्णय नं. ५:</u> भूमे गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि तपसिल बमोजिम शाखागत तथा वडागत सीमा निर्धारण गर्ने निर्णय गरियो।

| **कार्यालय/शाखा** | **बजेट सिलिङ** | **प्रतिशत** | **कैफियत** |
|---|---|---|---|
| **गाउँ कार्यपालिकाको कार्यालय** | **१६७४२२** | | |
| प्रशासन, योजना तथा अनुगमन शाखा | ९५०० | 6% | प्रशासनिक खर्च समेत |
| पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | ७४२२२ | 44% | पालिकास्तरीय योजनाहरु समेत |
| शिक्षा, यूवा तथा खेलकूद शाखा | १२५०० | 7% | स्वयंसेवक शिक्षक समेत |
| आर्थिक प्रशासन शाखा | ५२००० | 31% | प्रशासनिक खर्च समेत |
| सामाजिक विकास शाखा | १९२०० | 11% | |
| यूवा विकास केन्द्र | ३००० | 2% | |
| खानेपानी तथा सरसफाई | ३००० | 2% | |
| कृषि प्रसार तथा बाली विकास कार्यक्रम | ४००० | 2% | सशर्त अनुदान बाहेक |
| मारिङ एकीकृत अनुसन्धान केन्द्र | २५०० | 1% | |
| पशु सेवा कार्यक्रम | ३२०० | 2% | सशर्त अनुदान बाहेक |
| आधारभूत स्वास्थ्य | ३५०० | 2% | सशर्त अनुदान बाहेक |
| | | | |
| | | | |
| वडागत रुपमा सिलिङ | ६०९०९ | | |
| वडा नं. १ | ७२८९ | 12% | |
| वडा नं. २ | ७३७५ | 12% | |
| वडा नं. ३ | ७१३३ | 12% | |
| वडा नं. ४ | ५६९३ | 9% | |
| वडा नं. ५ | ५६८८ | 9% | |
| वडा नं. ६ | ६३७३ | 10% | |
| वडा नं. ७ | ६३५५ | 10% | |
| वडा नं. ८ | ७०२० | 12% | |
| वडा नं. ९ | ७९८४ | 13% | |
| | | | |
| जम्मा | २२८३३१ | | |

निर्णय नं. ६: भूमे गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि तपसिल बमोजिम बजेट तर्जुमा मार्गदर्शन स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल**

आ.व. २०७८।०७९ को शाखा/वडागत बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका मार्गदर्शनहरु

नेपालको संविधानमा भएका व्यवस्थाहरु कार्यान्वयनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ तथा परिच्छेद ९ मा भएको व्यवस्था तथा स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७४, (परिमार्जित) भूमे गाउँपालिकाको योजना तर्जुमा दिग्दर्शन, २०७५ बमोजिम गाउँपालिकाको वडा स्तर, समुदाय, वस्ती तथा गाउँस्तरमा सहभागितामूलक योजना तर्जुमाका लागि योजना तर्जुमाका सबै चरणमा सबैस्तरबाट अर्थपूर्ण सहभागिता र निर्णय प्रक्रिया सुनिश्चित गर्न साविकको प्रस्तावित योजनाहरुलाई समेत अध्ययन विश्लेषण गरी गाउँपालिकाको भौगोलिक अवस्था, स्थानीय आवश्यकता र विभिन्न क्षेत्रगत योजना आदि समेतलाई दृष्टिगत गरी श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकबाट देहाय अनुसार आ.व. २०७८।०७९ को बजेट सिमा (सिलिङ) र मार्गदर्शन पठाइएको छ।

देहायको बजेट सिलिङ्ग र मार्गदर्शनलाई पूर्ण पालना गरी आ.व. २०७८।०७९ को सहभागितात्मक ढङ्गले योजना तर्जुमाका सबै चरण र प्रक्रियाहरु पूरा गरी चालु र पूँजीगत प्रकृतिका आयोजना/कार्यक्रम तर्जुमा गर्न सिफारिश गरी पठाउनु हुन अनुरोध छ ।

| क्र.सं. | शीर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | वडास्तरबाट छनौट तथा कार्यान्वयन हुने | संलग्न सूची अनुसार | जनसंख्या, भूगोल वस्ती क्षेत्र, राजस्व संकलन, मानव विकास, पूर्वाधार विकासको अवस्थाको आधारमा प्राप्त अंकमा आधारित विनियोजन गरिएको । |
| २ | पालिकास्तरबाट छनौट तथा कार्यान्वयन हुने | | प्रशासनिक दायित्व, महत्वपूर्ण र गौरवका आयोजनाहरु, विषयगत शाखाबाट सम्पादन गर्नुपर्ने आयोजना तथा कार्यक्रमहरु र वस्ती तथा वडास्तरबाट सम्बोधन हुन नसकेका आयोजना तथा कार्यक्रमहरुलाई मध्यनजर गरी आवश्यकता र औचित्यताको आधारमा विनियोजन गरिएको |

**क. समष्टिगत मार्गदर्शनः**

१. पन्ध्रौं योजनाको लक्ष्य, उद्देश्य र रणनीतिहरुको कार्यान्वयनमा प्रत्यक्ष योगदान पुग्ने गरी वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने ।

२. दिगो विकासका लक्ष्यहरु (SDGs) का सम्बिन्धित लक्ष्यहरु हासिल गर्न सहयोग पुग्ने किसिमका कार्यक्रमलाई प्राथमिकता दिने ।

३. वार्षिक विकास तथा बजेट तर्जुमा प्राथमिकिकरण सिफारिश गर्दा निम्नानुसारको विषयक्षेत्रगत रुपमा छुट्याउने। योजना सिफारिश गर्दा बजेट सीमा भन्दा बढी भएता पनि आवश्यक योजनाहरुलाई प्राथमिकता दिएर पठाउनुपर्नेछ।

(क) आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, वित्तीय क्षेत्र)

(ख) सामाजिक विकास (शिक्षा, स्थास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन, खेलकूद तथा मनोरञ्जन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण)

(ग) पूर्वाधार विकास (सडक, पुल तथा झोलुङ्गे पुल, सिंचाई, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार)

(घ) वातावरण तथा विपद् व्यवस्थापन (वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवाय परिवर्तन, फोहोरमैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन)

(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन (सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन)

४. गाउँपालिका र विषयगत शाखा/कार्यालयका सम्पूर्ण कार्यक्रमहरुलाई समेटी अनिवार्य रुपमा मागमा आधारित योजना निर्माणको लागि स्थानीय तहको ७ चरणको योजना तर्जुमाको प्रक्रियाबाट माग भै आएका योजनाहरुलाई वार्षिक कार्यक्रममा समावेश गरिने भएकाले योजना तथा कार्यक्रम छनौट गर्दा वस्तुगत र मागमा आधारित आयोजना तथा कार्यक्रम छनौटको सुनिश्चितता गर्ने ।

५. नेपाल पक्ष भएका महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति र आदिवासी/जनजातिसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा उल्लेख भएका विषयमा राष्ट्रिय दायित्व पूरा गर्न सहयोग पुग्ने खालका कार्यक्रमलाई प्राथमिकता साथ समावेश गर्ने ।

६. जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, सेन्दाई विपद् जोखिम न्युनिकरण संरचना र विपद्पछिको आवश्यकता आँकलन संरचना, अपांगमैत्री एवं बालमैत्री स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजनजस्ता बहुपक्षीय जिम्मेवारीका विषयलाई स्थानीय तहको अगुवाईमा तत्सम्बन्धी प्राथमिकताहरु प्रतिविम्बित हुने गरी वार्षिक कार्यक्रमका क्रियाकलापमा समावेश गर्ने ।

७. विकाससँग सम्बन्धित आयोजना छनौटदेखि अनुगमन/मूल्याङ्कन गर्नेसम्मका सबै चरणमा अनिवार्य रुपमा महिला, दलित, अपांगता भएका व्यक्ति एवं विपन्न वर्ग समेतका सेवाग्राही एवं लक्षित परिवारको सहभागिताको सुनिश्चितता कायम गरी तिनीहरुलाई प्रत्यक्ष लाभ पुग्ने गरी बातावरणमैत्री, सीपमूलक एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने ।

८. विपद् जोखिम न्यूनिकरण सम्बन्धमा स्थानीयस्तरको बहुप्रकोप जोखिम लेखाजोखा, विपद् पूर्वतयारी, विपद् न्यूनिकरण/अल्पीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ/पुनर्निर्माण सम्बन्धी कार्यहरु पहिचान, बहु प्रकोप जोखिम

संवेदनशील योजना तथा विपद्/जलवायु जोखिम व्यवस्थापन योजना र यस्ता योजनाहरुले निर्दिष्ट गरेका प्राथमिकताहरु विकास कार्यक्रममा मूलप्रवाहीकरण गर्ने ।

**<u>ख) आयोजनाको तर्जुमा छनौट सम्बन्धमा</u>**

९. साविकमा स्थानीय स्तरमा वार्षिक बजेट तथा कार्यक्रम तय गर्दा महिला, बालबालिका, आदिवासी जनजाती तथा पिछडिएका वर्ग क्षेत्र र दलित र अल्पसंख्यकमा लक्षित कार्यक्रमहरु संचालन गर्ने गरिएकोमा आगामी दिनमा समेत त्यस्ता लक्षित क्षेत्रलाई समेत निरन्तरता दिने ।

१०. आआयोजना छनौट गर्दा उत्पादनशील, रोजगारी वृद्धि, गरिबी न्यूनिकरण, वातावरण संरक्षण, विपद् तथा जलवायु जोखिम न्यूनिकरण, समावेशी विकास जस्ता क्षेत्रमा सहयोग पुऱ्याउने छोटो समयमा सम्पन्न भई बढी प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई लाभ पुऱ्याउने तथा जनसहभागिता जुटाउन सकिने किसिमका आयोजनालाई प्राथमिकता दिने ।

११. आयोजना छनौट तथा बजेट विनियोजन गर्दा भूगोल (क्षेत्रफल), गरिबी (मानव विकास सूचकाङ्क), जनसंख्या, र सेवा प्रवाह लागत, आधार मानी सन्तुलन कायम हुने गरी गर्ने ।

१२. नयाँ स्थापना भएका वडाहरुको भौतिक तथा अन्य पूर्वाधार विकास र व्यवस्थापनलाई प्राथमिकता दिने ।

१३. भवन निर्माण सम्बन्धी कार्यक्रम बनाउँदा जग्गाको उपलब्धता नभई बजेट नछुट्याउने ।

१४. सम्पन्न भइसकेका भौतिक संरचनाहरुको दिगोपनालाई ध्यान दिई निरन्तर सञ्चालन हुन सक्ने अवस्थामा राख्नको लागि आवश्यक मर्मत सम्भार बजेटको व्यवस्था गर्ने ।

१५. वस्ती तथा वडास्तरबाट बाट माग भै आउने आयोजना मध्ये वडा तहस्तरमा सम्बोधन गर्न नसकिने आयोजना तथा कार्यक्रमहरुलाई पालिकास्तरमा समावेश गर्नुपर्ने वा प्रदेश तथा संघ स्तरमा माग गर्नुपर्ने भएमा सम्बन्धित वडा र विषयगत समिति मार्फत त्यस्ता मागहरुको व्यवस्थापन गर्ने ।

१६. आयोजना तर्जुमा गर्दा आफ्नो क्षेत्रको विकास निर्माण एवं सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत शाखा र गाउँपालिकाले अन्य सरकारी निकाय, अन्य स्थानीय तह, निजी क्षेत्र र नागरिक समाजसँग अन्तरक्रिया एवं समन्वय गरी सूचना एकीकृत गराई सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अपनाई अन्तिम रुप दिने ।

१७. पूर्वाधारतर्फ निर्माणाधीन अधुरा आयोजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने कार्यक्रमलाई प्राथमिकता दिने ।

१८. विपद् जोखिम न्यूनिकरणसम्बन्धी आयोजना तथा कार्यक्रम छनौट गर्दा विपद व्यवस्थापन समितिसँग समन्वय गरी उक्त समितिले प्राथमिकिकरण गरेका कार्यक्रमहरुलाई समावेश गर्ने ।

१९. क्रमागत आयोजना/कार्यक्रमहरु भौतिक तथा वित्तीय प्रगतिको आधारमा छिटो सम्पन्न गरी प्रस्ताव गर्ने। लामो समयदेखि वार्षिक विकास कार्यक्रममा समावेश भएका तर सम्पन्न हुन नसकेका कार्यक्रम/आयोजनाहरुको औचित्य हेरी आवश्यक देखिएमा मात्र कार्यक्रममा समावेश गर्ने ।

## ग. आयोजनाको कार्यान्वयन सम्बन्धमा

२०. विनियोजित स्रोतलाई न्यायोचित रुपमा जनता समक्ष पुऱ्याउन सरकारी तथा गैर सरकारी निकायबाट लगानी हुने कार्यक्रम/आयोजनालाई स्रोतको कमी हुन नदिने र विभिन्न विकास प्रदायक निकायहरुबाट हुने विकास कार्यलाई दोहोरिन नदिने व्यवस्था गरी स्रोतको व्यवस्थापन गर्ने ।

२१. कार्यक्रम/आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन भूमे गाउँपालिकाको कार्यालयले समग्र वार्षिक कार्यक्रम कार्यान्वयन कार्यतालिका र विषयगत शाखा तथा वडा कार्यालयहरुले सोही कार्यतालिका र कार्यान्वयन कार्ययोजना बमोजिम क्रियाकलापगत कार्यान्वयन कार्ययोजना बनाई लागू गर्ने र आयोजनाका प्रत्येक चरणमा अत्याधिक मात्रामा जनसहभागिता जुटाउनेतर्फ जोड दिने ।

२२. कार्यक्रम/आयोजनाको सञ्चालनमा सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजना स्थल, उपभोक्ताको क्षमता र स्थानीय तहले अवलम्बन गरेको नीतिको अधीनमा रही नगद, श्रम वा स्थानीय समाग्री समेतको योगदानको अनुपात निर्धारण गर्ने । यसरी सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार तथा समुदायलाई विशेष सहुलियत दिने उद्देश्य राखी लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई बञ्चित नगरिने नीति अवलम्वन गर्ने ।

२३. स्थानीय स्तरबाटै सञ्चालन हुने पूर्वाधार विकास (सडक, खानेपानी, विद्युत, प्रकोप नियन्त्रण आदि) का कार्यक्रमहरु कार्यक्रम/आयोजना कार्यान्वयन गर्नुपूर्व अनिवार्य रुपमा सम्भाव्यता अध्ययन गरेको हुनुपर्ने र यस्ता कार्यक्रम/आयोजना सञ्चालन गर्दा श्रममूलक तथा वातावरणमैत्री प्रविधि अपनाउने तर श्रम जुट्न नसक्ने आयोजनामा मेसिनरी वा यन्त्रको प्रयोग गर्नु पर्दा लागत अनुमान पनि सोही अनुसारको बनाई काम गराउने ।

## घ. अनुगमन मूल्याङ्कन सम्बन्धमा

२४. गाउँपालिकाको एकीकृत योजना तर्जुमा गर्दा प्रभाव, असर तथा प्रतिफल तहका नतिजालाई समेत स्पष्ट रुपमा परिभाषित गरी नतिजा खाका तयार गर्ने ।

२५. अनुगमन तथा मूल्याङ्कन सम्वन्धी खाका तयार गरी कार्यान्वयनका प्रत्येक चरणमा उक्त खाकालाई अनुसरण गरी कार्यान्वयनलाई सफल बनाउने गरी कार्यक्रम तर्जुमा गर्ने र सोही बमोजिम अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन गरी प्रतिवेदनमाथि छलफल तथा निरन्तर सुधार र निरन्तरतालाई जोड दिने व्यवस्था मिलाउने ।

**ङ. अन्तरसम्बन्धित विषयहरु (Cross cutting Issues)**

२७. रोजगारी सिर्जना, गरिबी न्यूनिकरण, विपद् तथा जलवायुजन्य जोखिम न्युनिकरण, विपद् व्यवस्थापन, सुशासन, जनताको नजिकमा सेवा सुविधा, दिगो, गुणस्तरीय र वातावरणमैत्री स्थानीय पूर्वाधारको विकास र स्थानीय शासन, आर्थिक अवसरमा वृद्धि एवम् त्यसमा जनताको सहज पहुँज, सामाजिक सुरक्षा, अपाङ्गमैत्री वा बालमैत्री स्थानीय शासन, पोषण सुधार, लैङ्गिक उत्तरदायी बजेट विनियोजन, समावेशीकरण र सशक्तिकरण विषयलाई उच्च प्राथमिकतामा राखी वार्षिक कार्यक्रम तर्जुमा गर्ने ।

२८. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत राज्यले सुविधा उपलब्ध गराउने लक्षित समूहको लगत अद्यावधिक गरी राख्ने। यस्तो रकमको भुक्तानी बैङ्किक प्रणालीमार्फत गर्ने व्यवस्थाका लागि आवश्यक तयारी गर्ने ।

२९. पालिकाबाट सञ्चालन हुने विकास कार्यक्रममा विभिन्न किसिमका विपद्बाट हुनसक्ने क्षति कम गर्ने उपाय अवलम्वन गरी नयाँ विकास निर्माणले जोखिम थप हुने अवस्था सिर्जना गर्न नहुने ।

३०. विपद् तथा जलवायुजन्य जोखिम न्यूनिकरण एवं वातावरण संरक्षणका लागि निश्चित रकम विनियोजन गर्ने व्यवस्था मिलाई यस सम्बन्धी कार्यक्रमहरु समावेश गरेर विपद तथा जलवायुजन्य जोखिम न्यूनिकरण एवं वातावरण संरक्षणका लागि तपसिल बमोजिमका क्रियाकलापहरुलाई समेत आधार मानेर गाउँपालिका, वडाको कार्यक्रम तथा योजनामा समावेश गर्ने व्यवस्था मिलाउने ।

भूमे गाउँपालिका र सबै वडाहरुको अगुवाई र सक्रियाताका साथै सरोकारवाला संघसंस्था लगायत सबै निकायको साझेदारी, सहयोग आवश्यकता र स्थानीयको माग बमोजिम छनौट गरी समन्वयमा संचालन गर्ने गरी निम्न सामाजिक अभियानमुखी कार्यक्रमहरुलाई समेत प्राथमिकतामा राख्ने ।

- पूर्ण सरसफाईउन्मुख वडा/गाउँपालिका अभियान
- हरित वडा/गाउँपालिका अभियान
- हरेक टोल पृथक विशेषता र पहिचान अभियान
- घरभित्रको धुँवा रहित गाउँपालिका अभियान
- मेरो गाउँमा मेरो योगदान अभियान
- बालमैत्री स्थानीय शासनयुक्त वडा/गाउँपालिका अभियान
- बालबिबाह र लैंगिक हिंसा मुक्त वडा/गाउँपालिका अभियान
- जातीय तथा सबै प्रकारका विभेदमुक्त वडा/पालिका अभियान
- वातावरणमैत्री स्थानीय शासन अभियान
- सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि अभियान
- पूर्ण खोपयुक्त गाउँपालिका दिगोपना अभियान
- दक्ष प्रसुतीकर्मीबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउने पूर्ण संस्थागत सुत्केरी अभियान
- "अर्गानिक उत्पादन: भूमेको पहिचान"
- "एक गाउँ एक उत्पादन: भूमे गाउँपालिकाको पहिचान" जस्ता अभियानमुखी कार्यक्रम

३ आगामी आर्थिक वर्ष २०७८।०७९ को योजनाका लागि योजना तथा कार्यक्रम तर्जुमा एवंम् छनौटका आधारहरु

| | |
|---|---|
| १ | वडाको प्राथमिकताको आधारमा गरिवी न्यूनिकरण गर्न सकिने योजना तथा कार्यक्रममा प्राथमिकता दिने । |
| २ | कम लगानीबाट बढी जनताहरुलाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रमहरु |
| ३ | बढी भन्दा बढी जनताहरुलाई प्रत्यक्ष फाईदा पुग्ने |
| ४ | छोटो समयमा बढी प्रतिफल दिने |
| ५ | महिला, दलित आदिवासी जनजाती, पिछ्डिएको वर्ग तथा क्षेत्रलाई फाईदा पुग्ने खालका आयोजनाहरु छनौट गर्ने |
| ६ | विपद जोखिम न्यूनिकरण गर्न सघाउ पुग्ने क्रियाकलापहरुलाई प्राथमिकता दिनु पर्ने |
| ७ | आवधिक योजना, जिल्ला विपद व्यवस्थापन योजना, विषयगत गुरुयोजना र क्षेत्रगत योजना र रणनीति योजनासँग मेल खानेगरी कार्यक्रम तर्जुमा गर्ने |
| ८ | संयुक्त राष्ट्रसँघले पारित गरेका दिगो विकासका लक्ष्यहरुको अवधारणा बमोजिमका योजनामा उच्च प्राथमिकता दिई संचालन ग्रनुपर्ने आयोजना र कार्यक्रमहरु |
| ९ | स्थानीय स्रोत साधन तथा सिपबाट संचालन हुने खालको योजनामा जोड दिनुपर्ने |
| १० | उत्पादनमुलक, आयमुलक, सिपमुलक, स्वरोजगारमूलक, स्थानीय तहको आन्तरीक आय वृद्धि गर्ने खालका योजनाहरुलाई प्राथमिकतामा राख्ने |
| ११ | वातावरण संरक्षण तथा सहरी पूर्वाधारको सुविधा प्रवर्द्धन र सम्वर्धन गर्न सघाउ पुग्ने योजनाहरुलाई प्राथमिकता दिने |
| १२ | बालमैत्री स्थानीय तह घोषणाका लागि सूचकहरु पुरा गर्ने किसिमका योजना तथा कार्यक्रम |
| १३ | योजना छनौट गर्दा आवधिक योजना, गाउँपालिकाको पाश्वचित्र, आवधिक गाउँपालिका विकास योजना, स्थानीय जनताहरुबाट माग भै आएका तथा अन्य तथ्याङ्कहरुको आधारमा योजना छनौट गर्नु पर्ने |

**वडाबाट बजेट विनियोजन गर्दा ध्यान दिनुपर्ने कुराः**

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न बस्ती/ टोलको योजना तर्जुमा गर्न- सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्ने ।

(ख) प्रत्येक वडाले वडाभित्रका वस्ती/ टोलहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत जानकारी गराउनु पर्ने ।

(ग) वडाअन्तर्गत रहेका वस्ती/टोलहरु भेलामार्फत बस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्ने र वस्ती तथा टोलस्तरमा आयोजना छनौट गर्दा समुदायको आवश्यकता पहिचान गरी आयोजना/कार्यक्रम छनौट गर्ने ।

(घ) वस्ती/टोल स्तरका योजना छनौट गर्दा सो बस्तीभित्रका सबै बर्ग समुदाय (महिला, दलित, आदिवासी जनजाति, उत्पीडित बर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको बर्ग आदि) लगायत सबै समुदायको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्नुपर्ने ।

(ङ) वस्ती/ टोलभित्रका क्रियाशिल सामुदायिक सस्थाहरु (टोल विकास सस्था, महिला/आमा समुह, वाल क्लब/सञ्चाल, युवा क्लब, स्थानीय गैरसरकारी संस्थाहरु, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूहजस्ता समूहहरु) लाई पनि सहभागी गराउनुपर्ने ।

(च) माथि उल्लेख भए बमोजिमका सरोकारवालहरुको अधिकारिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै आयोजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी आयोजनाहरुको छनौट गर्ने। यसरी वस्तीस्तरमा छनौट भएका आयोजना/कार्यक्रमहरुको सूची संयोजकले लिखित रुपमा तयार गरी वडा समितिमा पेश गर्ने ।

(छ) समितिमा पेश भएका आयोजना तथा कार्यक्रमहरुको सूचीलाई **आयोजनाको प्राथमिकताक्रम निर्धारण फारम** मा भरी हरेक आयोजनालाई पूर्णाङ्क १०० मानी निर्देशिकाले तोके बमोजिम अंक प्रदान गर्ने । यसरी अंक दिंदा ८० भन्दा बढी आउनेलाई प्राथमिकता नं १, ६० देखि ८० अंक सम्मका लागि प्राथमिकता नं २, ५० देखि ६० अङ्क प्राप्त गर्ने आयोजनालाई प्राथमिकताक्रम नं ३ र ५० भन्दा कम प्राप्त भएमा न्यून प्राथमिकतामा राख्नुपर्छ।

(ज) बजेट सिलिङभित्र आयोजना छनौट गर्दा प्राथमिकताक्रम १ लाई पहिलो प्राथमिकतामा राख्ने र बजेट पुगेमा २ र ३ लाई पनि समावेश गर्न सकिन्छ ।

(झ) वस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्त्वपूर्ण योजनाहरु छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरु वडा समितिको बजेट सीमाभित्र रही औचित्यताको आधारमा समावेश गर्न सक्नेछ । वडाको बजेट सीमाभित्र कार्यान्वयन हुन् नसक्ने गाउँस्तरीय महत्त्वपूर्ण आयोजनाहरु भएमा वडा समितिले गाउँपालिका छुट्टै सूची पठाउन सक्नेछ ।

वडा समितिले आयोजनाहरुको प्राथमिकीकरण गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधारहरु र दिगो विकास लक्ष्य प्राप्त गर्ने कार्यक्रमलाइ विशेष ध्यान दिनुपर्ने हुन्छ । यसरी छनौट भएका योजनाहरुको प्राथमिकीकरणका साथ गाउँपालिकामा पठाउनुपर्ने हुन्छ ।

- कूल बजेटबाट प्रशासनिक, म्याचिङ र कन्टिन्जेन्सी रकम नछुट्याउने ।
- कूल बजेटलाई १०० प्रतिशत मानी ३० प्रतिशत सम्म लक्षित वर्गको लागि बजेट विनियोजन गरी बाँकी ७० प्रतिशत भौतिक विकासात्मकतर्फ बजेट विनियोजन गर्ने । आवश्यकतानुसार लक्षित वर्गको लागि ३० प्रतिशतभन्दा बढी बजेट विनियोजन गर्न सकिने ।
- भौतिक विकासात्मकतर्फ आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण, संस्थागत विकास तर्फ आवश्यकता, औचित्यताका आधारमा सन्तुलित ढङ्गले विनियोजन गर्ने । पूर्वाधारतर्फ ठूला आयोजना गाउँपालिकास्तरबाटै स्वीकृत हुने गरी वडाको सिलिङभन्दा बाहिर राखेर अनुमान गरी छुट्टै योजना समावेश गरी पठाउने । छुट्टै योजनाको सूची तयार गर्दा पनि तोकिएकै फारम प्रयोग गर्ने ।
- लक्षित वर्गतर्फको लागि बजेट विनियोजन गर्दा कूल लक्षित वर्गको बजेटको न्यूनतम् ६० प्रतिशत प्रत्यक्ष फाइदा पुग्ने खालको बजेट विनियोजन गर्नुपर्नेछ । **बजेट तथा कार्यक्रम तर्जुमा समितिले वितरणमुखी आयोजना तथा कार्यक्रम र ६० प्रतिशत भन्दा कम प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम कटौती गर्न सक्नेछ ।**

- लक्षित बजेट विनियोजन गर्दा लक्षिततर्फको कूल बजेट अर्थात ३० प्रतिशतलाई १०० प्रतिशत मानी देहाय बमोजिम विनियोजन गर्ने तर कुनै लक्षित वर्गको संख्या नभए वा आनुपातिक न्यून संख्यामा भएमा प्रतिशत हेरफेर गर्न सकिने ।
    - महिला लक्षित (महिला समूह, आमा समूह लगायतका समूह समुदाय समेत) २५ प्रतिशत
    - बालबालिका लक्षित कार्यक्रम २० प्रतिशत
    - दलित लक्षित १५ प्रतिशत
    - अपाङ्ग लक्षित १० प्रतिशत
    - ज्येष्ठ नागरिक लक्षित १० प्रतिशत
    - जनजाति लक्षित १० प्रतिशत
    - यूवा वर्ग लाभान्वित (यूवा तथा रोजगारी) १० प्रतिशत

**लैंगिक उत्तरदायी तथा समावेशी क्रियाकलापहरुको वर्गीकरण विधिः**

क) ५० प्रतिशतभन्दा बढी लाभ पुग्ने क्रियाकलाप — प्रत्यक्ष फाइदा पुग्ने

ख) २० प्रतिशत देखि ५० प्रतिशतसम्म लाभ पुग्ने क्रियाकलाप — अप्रत्यक्ष फाइदा पुग्ने

ग) २० प्रतिशत भन्दा कम लाभ पुग्ने क्रियाकलाप — तटस्थ ।

उपरोक्तानुसारको प्रतिशत निकाल्दा देहायका सूचकहरुको आधारमा मूल्याङ्कन गरी वडाको योजनाहरुको वर्गीकरण गर्नुपर्नेछ।

| **सूचक** | **अंक** |
|---|---|
| योजना तर्जुमा र कार्यान्वयनमा सहभागिता | २० प्रतिशत |
| क्षमता अभिवृद्धि | २० प्रतिशत |
| लाभको बाँडफाँडमा लक्षित वर्गको हिस्सा | ३० प्रतिशत |
| रोजगार/आयअभिवृद्धिमा सहयोग | २० प्रतिशत |
| समयको प्रयोगमा गुणात्मक सुधार र कार्य बोझको कमी | १० प्रतिशत |

<u>योजना तर्जुमा गर्दा भर्नुपर्ने फारामहरु</u>

अर्को पानामा संलग्न छ।

अनुसूची ३

(दिग्दर्शनको दफा ५.२.४ सँग सम्वन्धित)

**आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फाराम**

(क) आयोजना प्राथमिकीकरणका आधारहरु

१.गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु (२० अंक)

(क) प्रत्यक्ष योगदान पुऱ्याउने—२० अंक

(ख) अप्रत्यक्ष योगदान पुऱ्याउने —१० अंक

(ग) तटस्थ—५ अंक

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५ अंक)

(क) चालु आ.व.मानै सम्पन्न हुने—१५ अंक

(ख) आगामी आ.व. मा सम्पन्न हुने—१० अंक

(ग) अन्य—५ अंक

३. आम्दानी र रोजगार बृद्धि गर्ने आयोजनाहरु (१५ अंक)

(क) प्रत्यक्ष योगदान पुऱ्याउने—१५ अंक

(ख) अप्रत्यक्ष योगदान पुऱ्याउने—७.५ अंक

(ग) तटस्थ—०

४.लागत सहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)

(क) ५०५ वा सो भन्दा बढी लागत सहभागिता हुने—१५

(ख) २०५ देखि ५०५ सम्म लागत सहभागिता हुने—१०

(ग) २०५ सम्म लागत सहभागिता हुने—५ अंक

(घ) लागत सहभागिता नहुने—०

५. स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु (१० अंक)

(क) आयोजनालाई आवश्यक पर्ने सबै श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने—१० अंक

(ख) आयोजनालाई आवश्यक पर्ने ५०५ सम्म श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने—७.५ अंक

(ग) अन्य—५ अंक

६. समावेशी विकासमा योगदान पुऱ्याउने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुऱ्याउने—१० अंक

(ख) अप्रत्यक्ष योगदान पुऱ्याउने—५ अंक

(ग) तटस्थ—०

७. दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु (१० अंक)

(क) प्रत्यक्ष योगदान पुऱ्याउने—१० अंक

(ख) अप्रत्यक्ष योगदान पुऱ्याउने—५ अंक

(ग) तटस्थ—०

८. स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु (५ अंक)

(क) प्रत्यक्ष योगदान पुऱ्याउने—५ अंक

(ख) अप्रत्यक्ष योगदान पुऱ्याउने—३ अंक

(ग) तटस्थ—०

# <u>बजेट तर्जुमा सम्बन्धी अनुसूचीहरु</u>

(ख) आयोजनाको प्राथमिकताक्रम निर्धारण फाराम

| क्र.सं. | आयोजनाको नाम | १. गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने (२० अंक) | २. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने (१५ अंक) | ३. आम्दानी र रोजगार बढ्ने (१५अंक) | ४.लागत सहभागिता जुट्ने (१५ अंक) | ५. स्थानीय श्रोत साधन र सीपको प्रयोग (१०अंक) | ६. समावेशी विकासमा योगदान (१० अंक) | ७. दीगो विकास र वातावरणीय संरक्षण (१० अंक) | ८. स्थानीय भाषिक, सांस्कृतिक विकास (५ अंक) | कुल प्राप्ताङ्क (१००) | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |

नोटः आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्दा सवैभन्दा बढी अंक प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ।

| **क्र.स..** | **अंक भार** | **प्राथमिकता नं.** |
|---|---|---|
| १ | ८० अंक भन्दा बढी प्राप्त भएमा | १ |
| २ | ६० देखि ८० अंक प्राप्त भएमा | २ |
| ३ | ६० अंक भन्दा कम प्राप्त भएमा | ३ |
| ४ | ५० अंक भन्दा कम प्राप्त भएमा | न्यून प्राथमिकता |

नोटः यसरी योजना छनौट गर्दा पहिलो प्राथमिकतामा परेको योजनाहरु छनौट गर्ने। रकम उपलब्ध भएसम्म प्राथमिकता २ र ३ स्वीकृत गर्न सक्नेछ।

अनुसूची ४

(दफा ५.४ सँग सम्बन्धित)

# भूमे गाउँपालिका

वडा नं. …../ शाखाः ……………….

## **आयोजनाको प्राथमिकीकरण सूची**

(क) निर्धारित बजेट सीमाभित्रका आयोजना तथा कार्यक्रमका लागि

| प्राथमिकता क्रम | आयोजना/ कार्यक्रमको नाम | स्थान | एकाइ | दर | परिमाण (संख्यामा) | अनुमानित लागत | कार्यान्वयन विधि | ल.इ तयारी र स्वीकृति मिति | कार्य शुरु मिति | सम्पन्न गर्ने मिति | चौमासिक अवधि (1/ 2/ 3) | लाभान्वित जनसंख्या | | थप २ वर्षको प्रक्षेपण | | आवधिक योजनाको रणनीतिसँग सम्बन्ध |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | म | पु | 079/80 | 080/81 | |
| आर्थिक विकास | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| वन वातावरण तथा विपद् व्यवस्थाप | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| सुशासन तथा संस्थागत विकास | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |

(ख) **गाउँपालिका स्तरीय (गाउँपालिकास्तरीय गौरवका आयोजना, वहुवर्षीय आयोजनाहरु र दुई वा सो भन्दा बढी वडामा पर्ने आयोजनाहरु)**

**वडा/विषयगत शाखाः ........................**

| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | | 13 | 14 | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रा. क्रम | आयोजना/ कार्यक्रमको नाम | आयोजना सञ्चालन हुने स्थान | एकाइ | परिमाण (लक्ष्य) | दर | अनुमानित लागत | कार्यान्वयन विधि | ल.इ. तयारी मिति | काम सुरु मिति | सम्पन्न गर्ने मिति | चौमासिक अवधि (1/ 2/ 3) | लाभान्वित जनसंख्या | | आवधिक योजनाको रणनीतिसँग सम्बन्ध | थप दुई वर्षको प्रक्षेपण | |
| | | | | | | | | | | | | म | पु | | ०७९/ ८० | ०८०/ ८१ |
| उदाहरण | काँकी गाबाङ सडक | काँकी | मि. | ९०० | २००० | २०००००० | ठेक्का | ०७८ श्रावण | ०७८ असोज | ०७८ मंसिर | १ (पहिलो) | २५० | २३० | | ३०००००० | २५००००० |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | |

नोटः क्रमागत आयोजनाहरुको प्राथमिकीकरण सूची आवश्यक पर्ने छैन ।

फारम भर्ने विधिः

१) महल १ मा आयोजना तथा कार्यक्रमको नाम लेख्ने (जस्तोः काँक्री गाबाङ सडक) र महल २ मा आयोजना स्थल लेख्ने (जस्तोः काँक्री)

२) महल ३ मा आयोजना उक्त आयोजनाको एकाई (जस्तोः मि., वटा, संख्या आदि) र महल ४ मा उक्त आयोजनाको लक्ष्य परिमाणमा लेख्ने (जस्तो ९०० मि सडक निर्माण गर्ने हो भने ९००) लेख्ने। महल ५ मा आयोजना कार्यान्वयन गर्ने लाग्ने प्रति एकाइ दर (जस्तोः १ मि सडक खन्न २००० लाग्ने भए २०००) लेख्ने।

३) महल ६ मा प्रति एकाइ दर र परिमाण गुणन गरेर (जस्तो २०००x९०० = १८०००००।-) राख्ने।

४) महल ७ मा उक्त आयोजना कुन विधि (ठेक्का/ उपभोक्ता समिति वा कार्यालय आफै/ टोल विकास संस्था / गैसस)बाट कार्यान्वयन गर्ने सो खुलाउने।

५) महल ८ मा लागत इष्टिमेट तयार गर्ने मिति, महल ९ मा काम शुरु गर्ने मिति, महल १० मा सम्पन्न गर्ने मिति उल्लेख गर्ने।

६) महल ११ मा उक्त आयोजना कार्यान्वयन गर्ने चौमासिक उल्लेख गर्ने। महल १२ मा उक्त आयोजनाबाट लाभान्वित हुने जनसंख्या उल्लेख गर्ने।

७) महल १३ मा गाउँपालिकाको आवधिक योजनाको जुन रणनीतिसँग सम्बन्धित छ सोही खुलाउने।

८) महल १४ मा उक्त आयोजना कार्यान्वयन गर्न आगामी थप दुई वर्ष (आ.व. २०७९/८० र आ.व. २०८०/०८१) का लागि आवश्यक अनुमानित बजेट रकम उल्लेख गर्ने।